# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, चैत्र २० गते २०२९ साल


### सर्वोच्च अदालतको

### सूचना

निजामती सेवा नियमावली २०२१ को नियम ८. २ को खण्ड (च) ले दिएको अधिकार प्रयोग गरी सम्माननीय न्यायाधीशज्यूबाट देहायका कर्मचारी रूलाई न्याय सेवा राजपत्राँकित तृतीय श्रेणीको देहायका अदालतको जिल्ला न्यायाधीश पदमा का.मु. जिल्ला न्यायाधीश भई काम गर्न मिति २०२९।११।२३।३ देखि कायम मुकायम मुकरर गरिएको छ।

(१) धवलागिरि अंचल अदालत ना. सु. श्री रामेश्वरप्रसाद उपाध्यायलाई मुस्ताङ जिल्ला अदालतको का.मु. जिल्ला न्यायाधीश पदमा ।

(२) नारायणी अंचल अदालतका ना.सु. श्री कृष्णमान जोशीलाई डोल्पा जिल्ला अदालतको का.मु. जिल्ला न्यायाधीश पदमा ।

आज्ञाले-

पृथ्वीबहादुर सिंह

का मु. रजिष्ट्रार

668



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सर्वोच्च अदालतको

## सूचना

सम्माननीय प्रधान न्यायाधीशज्यूबाट यस अदालतका जगेडा जिल्ला न्यायाधीश श्री धर्मप्रसाद पाण्डेलाई बारा जिल्ला अदालतको अतिरिक्त जिल्ला न्यायाधीश भई काम गर्न मिति २०२६।११।२३।३ देखि खटाइएको छ ।

आज्ञाले–
पृथ्वीबहादुर सिंह
का. मु. रजिष्ट्रार

## सर्वोच्च अदालतको

## सूचना

सम्माननीय प्रधान न्यायाधीशज्यूबाट यस अदालतका जगेडा जिल्ला न्यायाधीश श्री ईन्द्रबहादुर श्रेष्ठलाई खोटाङ जिल्ला अदालतको जिल्ला न्यायाधीश भई काम गर्न मिति २०२६ १२.१ देखि खटाइएको छ ।

आज्ञाले–
पृथ्वीबहादुर सिंह
का. मु . रजिष्ट्रार

## सर्वोच्च अदालतको

## सूचना

कानून व्यवसायी ऐन २०२५ बमोजिम कानून व्यवसाय गर्न पाउने गरी निम्नलिखित व्यक्तिहरूलाई यस अदालतको स्टेडिङ कमिटीको निर्णयानुसार निम्नलिखित श्रेणीको कानून व्यवसायीमा दर्ता गरी निम्नलिखित मितिमा प्रमाणपत्र दिइएको हुनाले कानून व्यवसायी नियमावली २०२५ को नियम ५ (२) अनुसार सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

२०२६।१०।१६।२ मा

अधिवक्ता श्री सूर्यप्रसाद शर्मा का. जि. भाट्भटेनी टंगाल – – – –१

२०२६।१०।२२।५ मा

अधिवक्ता श्री कृष्णलाल देव-जि. सप्तरी प्र. पकरी बिषहरिया गाउँ. – – –१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०२६।११।८।२ मा

अधिवक्ता श्री वासुदेव पाण्डे चितौन कालाबजार कोइलाह – – – –१
अभिकर्ता श्री रामजतन यादव जिल्ला सिरहा प्र. महि सौथ मौ. मखनाहा गा.पं. वार्ड नं. ३. – – – – – – – – – –१

२०२६।११।६।३ मा

अधिवक्ता श्री भुवनराज शर्मा वानेश्वर महादेव स्थान का० डौं – – –१

२०२६।११।१२।६ मा

अभिकर्ता श्री रेशमलाल मण्डल धानुक जिल्ला सप्तरी प. जगदर मौजे मलेठ गा.पं. वार्ड नं. ३. – – – – – – – – – –१

२०२६।११।२६।२ मा

अभिकर्ता श्री अमरप्रसाद चन्द्रवंशी जि.रो. प्र. झाझ दक्षिन मौजे टिकुलिया पं. वार्ड नं. ८. – – – – – – – – – – – – १

आज्ञाले–
पृथ्वीबहादुर सिंह
का.मु. रजिष्ट्रार

## सर्वोच्च अदालतको
## सूचना

निजामती सेवा नियमावली २०२१ को नियम ८.२ को खण्ड (च) ले दिएको अधिकार प्रयोग गरी सम्माननीय का.मु. प्रधान न्यायाधीशज्यूबाट कर्णाली अंचल अदालतका ना.सु. श्री गणेशबहादुर मल्ललाई हुम्ला जिल्ला अदालतको रिक्त राजपत्रांकित तृतीय श्रेणी जिल्ला न्यायाधीश पदमा मिति २०२६।१२।६।२ देखि कायम मुकायम मुकरर गरिएको छ।

आज्ञाले–
पृथ्वीबहादुर सिंह
का.मु. रजिष्ट्रार

---

६८१ श्री ५ को सरकारको छापाखानामा मुद्रित।
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग

मुद्रण विभाग, सिंहदरबार

682

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।